# जिल्ला प्रशासन कार्यालय, रामेछापको

# जनस्वास्थ्य र सुरक्षा मापदण्ड पालना सम्बन्धी जरुरी सूचना !

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
रामेछाप

२३ आषाढ २०७७

विश्वभर महामारीको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड-१९) को रोकथाम नियन्त्रण तथा प्रतिकार्यका लागि नेपाल सरकारबाट जारी गरिएको बन्दाबन्दी हाल परिवर्तित अवस्थामा लागू गरिएको छ। संक्रमणको जोखिमको अवस्थालाई मूल्याङ्कन गरी स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्ने/गराउने शर्तमा केहि सेवा र कार्यहरु, विकास निर्माण, उद्योग, व्यापार, व्यवसाय संचालनमा सहजिकरण गरिएको छ। सरकारी तथा गैरसरकारी कार्यालय, बैंक तथा वित्तीय संस्थाहरुमा दुई सिफ्टमा सेवा प्रवाहको व्यवस्था मिलाईएको छ ।

एकातिर कोभिड-१९ को संक्रमण दर बढदै जानु र अर्का तर्फ न्यूनतम सामाजिक दुरी कायम नगर्ने, विना मास्क घर बाहिर हिडडुल गर्ने, अनावश्यक भिडभाड गर्ने, सेवा प्रदायक र व्यवसायीहरुले न्यूनतम सुरक्षा मापदण्ड पालना गर्न/गराउन वेवास्था गर्ने प्रवृति बढदै गएको पाईएकोले नेपाल सरकारबाट जारी जनस्वास्थ्य र सुरक्षाका मापदण्ड, निर्णय र आदेश कडाई पूर्वक पालना गर्नु/गराउनु हुन, घर बाहिर निस्कदा मास्कको प्रयोग अनिवार्य गर्न/गराउन सम्बन्धित सबैमा यो सूचना जारी गरिएको छ। जारी आदेशको अवज्ञा गर्ने क्रम नरोकिएमा अटेरी गर्ने उपर प्रचलित कानुन बमोजिम कारबाही गरिने व्यहोरा सूचित गरिन्छ ।

रुद्रा देवी शर्मा
प्रमुख जिल्ला अधिकारी